# An overview of Electronic Government Procurement (e-GP) system

**Indra Prasad Mainali**
**Director (IT)**
**Public Procurement Monitoring Office**

**2081-08-26**

# Coverage

- Background
- Introduction
- Functional Coverage
- Stakeholders
- Benefits
- Features
- Legal Framework
- PPMIS
- Statistics

# सार्वजनिक खरिद अनुगमन कार्यालयको परिचय

- स्थापना वि सं २०६४ भाद्र ३ गते भएको।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६४ को उपदफा १ बमोजिम स्थापना भएको।
- सचिव-१, सहसचिव-२, निर्देशक-९ लगायत जम्मा कर्मचारी दरबन्दी संख्या ४६ रहेको।
- कार्यालयको काम, कर्तव्य र अधिकार अन्तर्गत:
  - ✓ eGP System,
  - ✓ Procurement Training
- www.ppmo.gov.np & www.bolpatra.gov.np
- eGP Help Desk

# Before e-Procurement

# Paper Tendering





यहीं होइन टेण्डर हाल्ने?
रीतपूर्वक टेण्डर हाल्न आछम्!

# Paper Based Procurement



# विद्युतीय टेन्डर लागू नहुँदा गुन्डागर्दी

■ लीला सिटौला

काठमाडौं– सरकारले ठेक्कापट्टा तथा खरिदमा हुने गुन्डागर्दी अन्त्य गर्ने विद्युतीय टेन्डर (इबिडिङ) लाई कार्यान्वयनमा ल्याउने घोषणा गरे पनि राजनीतिक प्रतिबद्धता र पूर्वाधार अभावमा लागू हुन सकेको छैन ।

त्रिचन्द्र कलेजमा आइतबार भवन निर्माणको ठेक्कासम्बन्धी विवादलाई लिएर गोलीसमेत चल्यो । राजधानीमा भएकाले यसको धेरै चर्चा भए पनि देशभर निर्माणसम्बन्धी ठेक्कापट्टामा यस्ता थुप्रै घटना भइरहेका छन् । महानगरीय प्रहरी हनुमानढोकामा ६ महिनायता टेन्डरसम्बन्धी विवादका चार मुद्दामा विभिन्न व्यक्ति पक्राउ परेको प्रहरी उपरिक्षक ईश्वरबाबु कार्कीले जानकारी दिए ।

सडक विभाग र स्वास्थ्य विभागले नमुना परियोजनाका रूपमा इबिडिङ सुरु गरे पनि पूर्णरूपमा अझै कार्यान्वयन हुन सकेको छैन । सडक विभागले दुई वर्षदेखि नमुनाकै रूपमा इबिडिङ लागू गरेको छ । पहिलो वर्ष विश्व बैंकको आरएसडीपी परियोजनामा इबिडिङ प्रयोग गरिएको थियो । 'त्यसको सफलतापछि सम्भव भएका सबै ठूला आयोजनामा यसलाई लागू गरेका छौं,' भौतिक योजना मन्त्रालयका सहसचिव तुलसीप्रसाद सिटौलाले भने, 'साठी लाखभन्दा माथिका आयोजनामा लागू गर्ने खोजिएको छ ।'

इबिडिङ गरिएका ठाउँमा धनखेल्नदेखि अन्य समस्या समाधान भएको सिटौलाले बताए । उपत्यकाभित्रका सबै ठूला कार्यालयलाई विद्युतीय टेन्डर अपनाउन निर्देशन दिएको उनले जानकारी दिए । तर यो पूर्ण रूपमा लागू भने हुन सकेको छैन । ठेक्का हत्याउन खोज्नेले प्रयोग गर्ने राजनीतिक सम्पर्क र 'बाहु बल' इबिडिङ अपनाउन नसकेको सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव व्रजकिशोरप्रसाद साह बताउँछन् । 'यसलाई इमस्विमसल (इमेलबाट पेस गर्ने) मात्र भन्न मिल्छ,' उनले भने, 'सुरु भएको छ तर पूर्णरूपमा लागू हुन सकेको छैन ।'

यसअघि सडक विभागमा महानिर्देशकका रूपमा कार्यरत सिटौला केही कठिनाइले गर्दा इबिडिङ प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको स्वीकार्छन् । 'फाराम दस्तुर बुझाउन अनलाइन सेवा नभएकाले कार्यालयमै आउनुपर्छ,' उनी भन्छन्, 'टेन्डर आह्वान गर्ने हरेक व्यक्ति वा

## आइतबार टेन्डरकै विषयमा त्रिचन्द्र क्याम्पसमा गोली चल्यो

संस्थालाई डिजिटल हस्ताक्षर दिइनुपर्छ ।'

बैंक, कर, फर्म नवीकरण र कार्य अनुभवजस्ता जानकारी अनलाइनमार्फत हुने सम्पर्क नभएको अहिलेको अवस्थामा यो पूर्ण रूपमा लागू हुन नसक्ने साहको भनाइ छ ।

सार्वजनिक खरिद ऐन २०६३ ले विद्युतीय टेन्डरमार्फत दरखास्त आह्वान गर्न सकिने उल्लेख गरेको छ । तर अनिवार्य व्यवस्था भने गरेको छैन । ऐनले राजपत्रमा प्रकाशित गरी इबिडिङमार्फत टेन्डर लिनसक्ने व्यवस्था गरेको छ । 'कानुनमा गर्ने भनिए पनि त्यसका लागि अझै पूर्वाधार विकास भइसकेको छैन,' साहले भने । हाल एसियाली विकास बैंकको सहयोगमा कोरियाली परामर्शदाता कम्पनीले रणनीतिक योजना बनाउन लागेको उनले जानकारी दिए ।

हुन नसक्ने अधिकारीहरू बताउँछन् । बिजुलीको नियमित आपूर्तिका लागि जेनेरेटर र ब्याट्री ब्याकअपसमेत आवश्यक पर्छ । 'अहिले १७ जिल्लामा मात्रै अप्टिकल फाइबर पुगेको छ,' साहले भने, 'सबै जिल्लाका सदरमुकाममा समेत पूर्वाधार तयार नभएका बेला हरेक स्थानमा पुर्‍याउनु चुनौतीपूर्ण छ ।'

ठूला टेन्डर इबिडिङबाट गर्न व्यावहारिक रूपमा कठिनाइ हुने पनि अधिकारीहरूको दाबी छ । 'अरुणजस्ता ठूला आयोजनाको डकुमेन्ट नै तीन/चार सय पृष्ठको हुने भएकाले एक एक गरेर पढ्नुपर्ने हुन्छ,' साह भन्छन्, 'वस्तु र सेवासम्बन्धी टेन्डरका लागि मात्रै यो उचित देखिएको छ ।'

राजनीतिक प्रतिबद्धता अभावले पनि यसको कार्यान्वयन चुनौतीपूर्ण रहेको उनीहरूको अनुभव छ । संगठित रूपमा 'दादा' हरू यसमा लागि परेका छन् । कतिपय घटनामा प्रहरीको समेत मिलोमतो हुने गरेको उनीहरूको अनुभव छ । टेन्डर इमेलबाट पठाउने मात्रै गरे पनि यस्ता गुण्डागर्दी धेरै हदसम्म अन्त्य हुने उनको अनुभव छ ।

टेन्डर फाराम किन्दा आयोजनाको बजेट हेरी १ हजारदेखि १० हजार रुपैयाँसम्म फाराम दस्तुर तिर्नुपर्छ । अनलाइनमार्फत यी सबै कारोबार हुने चलन नभएकाले पनि दोहोरो काम गर्नुपर्छ ।

'फाराम किनेपछि यो कसले किन्यो भनेर जानकारी लिन खोज्छन्,' सिटौला भन्छन्, इबिडिङ नहुँदा ठेक्कापट्टा ठूलो गैरकानुनी व्यवसाय भएको छ । यसअघि विभागले आह्वान गरेका टेन्डरमा प्युठान र धनकुटामा पनि यस्तै समस्या देखिएको थियो । ती जिल्लामा टेन्डर हाल्न नदिएपछि जिल्ला प्रशासन कार्यालयमा गएर दरखास्त बुझाउने व्यवस्था गरिएको थियो । ऐनले प्रमुख जिल्ला अधिकारीलाई शान्ति सुरक्षा मिलाउने

# विद्युतीय खरिद नहुँदाको अवस्था

- चुल्ठे मुन्द्रेहरुको दबदबा
- बोलपत्रदाताहरुले असुरक्षित महसुस गर्नु
- अस्वस्थ प्रतिस्पर्धा
- मिलेमतोको सम्भावना
- पारदर्शितामा कमी
- जवाफदेहितामा कमी
- कर्मचारीमाथि अनाश्यक दवाव आदि।

# विद्युतीय खरिदको शुरुवात

- **<u>सार्वजनिक खरिद ऐन,२०६३ जारी</u>:**
  - सार्वजनिक खरिदमा **विद्युतीय सञ्चारको माध्यमबाट खरिद कारोबार हुन सक्ने।** *(दफा ६९)*
- **<u>सार्वजनिक खरिद नियमावली २०६४ जारी</u>:**
  - सार्वजनिक निकायले **बोलपत्र खरिद गर्ने र दाखिला गर्ने कार्य सम्भव भएसम्म विद्युतीय सञ्चार माध्यमबाट गर्न गराउने सक्ने।** *(नियम १४६)*
- **First e-bidding in June 2007 - सडक विभाग**
- **32 e-bidding system.**

# ई-बिडिङले चुल्ठेमुन्द्रे पलायन

■ लोहन शाही

डोटी- 'ठेक्कापट्टामा ई-बिडिङ प्रणाली लागू भएपछि डोटीमा ब्याप्ड खाने र टेन्डर दर्तामा प्रयोग हुने चुल्ठेमुन्द्रेहरू पलायन हुन थालेका छन्। जसले इमान्दार र पेसेवर निर्माण व्यवसायीलाई राहत पुगेको छ।

इजाजतपत्र धितोमा हालेर ब्याप्ड खानकै लागि अवरोध गर्नेहरू ई-बिडिङ लागू भएपछि नवीकरण गर्न नसक्ने अवस्थामा पुगेको निर्माण व्यवसायीहरू बताउँछन्।

निर्माण व्यवसायी संघका अनुसार जिल्लामा दर्ता रहेका १ सय ७० निर्माण व्यवसायीमध्ये ८० जनाले नवीकरण गरेका छैनन्। 'ब्याप्ड खानकै लागि टेन्डरमा बवाल गर्नेहरू अहिले पलायन भएका छन्,' निर्माण व्यवसायी संघका सचिव तेज बोहोराले भने, 'गलत नियतले यो क्षेत्रमा लाग्नेहरू पलायन हुँदा अब ठेक्कापट्टा मर्यादित बन्दै गएको छ।' उनका अनुसार नयाँ इजाजतपत्र लिन आउनेको संख्यासमेत ई-बिडिङका कारण स्वात्तै घटेको छ।

अहिले टेन्डर दर्ता गर्न कसैको अवरोध छैन भने ठेक्का बिट गर्दाको बेला चुल्ठे र मुन्द्रेबाट गरिने दुर्व्यवहारबाट निर्माण व्यवसायीले मुक्ति पाएका छन्। निर्माण व्यवसायीले इच्छाले चाहेको दररेटमा इमेलबाट ठेक्का पाउन थालेका छन्।

पहिले टेन्डर दर्ता गर्ने बेला



कुटाकुट नभएको बेलै हुन्थेन,' सुदूरपश्चिम सडक डिभिजनका कार्यालय प्रमुख चन्द्रनारायण यादवले भने, 'हामीले समेत यो प्रक्रिया लागू भएपछि तनाव झेल्नुपरेको छैन।' डोटीमा क्षेत्रीय कार्यालयहरू रहेकाले अधिकांश कार्यालयका टेन्डर यहीँ खोलिने गरेको छ। त्यसैले यहाँ टेन्डर दर्ताका लागि बाहिरबाट ल्याइएका चुल्ठेमुन्द्रे प्रयोग हुन्थे। एक कर्मचारीले विगतको घटना सम्झँदै भने, '[illegible] दर्ता गर्ने बेला कर्म[illegible] असुरक्षित भएका कर्म[illegible]।'

ईबिडिङ [illegible] जिल्लामा चुल्ठेमुन्द्रे[illegible] संख्यासमेत स्वात्तै घटेको छ। सुदूरपश्चिम क्षेत्रभरिका अधिकांश टेन्डर क्षेत्रीय कार्यालयहरूमै खुला गरिने भएकाले धनगढी, महेन्द्रनगर लगायतमा ठेक्कापट्टामा प्रयोग गरिने मुन्द्रे यहाँ आउँथे। ठेकेदार तथा तिनका आसेपासेलाई पहिले नियन्त्रण गर्न गाह्रो हुन्थ्यो,' प्रहरी निरीक्षक कृष्णानन्द भट्टले भने, 'जतासुकै झमेला भए पनि ई-बिडिङले हामीलाई सुरक्षा दिन निकै सहयोग गरेको छ।'

यसअघि चुल्ठेमुन्द्रेको प्रयोग गरेर ठेक्का हत्याउन सकिने र दबाबमा ठेक्का मिलोमतो भएपछि ब्याप्ड खान पाउने भएपछि ठेक्का इजाजतपत्र बनाउनेको संख्या बढेको पेसेवर ठेकेदारहरू बताउँछन्। ई- बिडिङले ब्याप्ड थाप्ने धन्दा बन्द भएको उनीहरूको भनाइ छ।

Hooligans are out of business in tendering process due to use of e-Bidding system

# विद्युतीय खरिद प्रणालीको यात्रा

**२००७-२००८**

- ***सार्वजनिक खरिद ऐन, २०६३ जारी:***
  - सार्वजनिक खरिदमा विद्युतीय सञ्चारको माध्यमबाट खरिद कारोबार हुन सक्ने।
- ***सार्वजनिक खरिद नियमावली, २०६४ जारी:***
  - सार्वजनिक निकायले बोलपत्र खरिद गर्ने र दाखिला गर्ने कार्य सम्भव भएसम्म विद्युतीय सञ्चार माध्यमबाट गर्न गराउने सक्ने।

**२०१०**

- **Nepal Public Procurement Strategic Framework (NPPSF) 2010-2013 (Phase I) जारी**
- **National e-GP system को कार्यान्वयनलाई national agenda बनाइएको।**
- **२०६८ वैशाख १ गतेदेखि २ करोड भन्दा माथिको खरिदमा विद्युतीय खरिद प्रणाली अनिवार्य गरिएको।**

**२०११-२०१२**

- ***सार्वजनिक खरिद (तेस्रो संशोधन) नियमावली २०६८ जारी:***
  - एउटा मात्र पोर्टल रहने गरी विद्युतीय खरिद प्रणालीको स्थापना, सञ्चालन र व्यवस्थापन गर्नु पर्ने व्यवस्था।
- **Feasibility Study of National e-GP system - World Bank**
- **Development of e-GP Phase I - ADB**

# विद्युतीय खरिद प्रणालीको यात्रा...

**२०१३-२०१५**

- **e-GP Phase I कार्यान्वयन (August 2013)**
- **e-GP प्रणाली प्रयोगको लागि तोकिएको threshold घटाउँदै ६० लाख बनाइएको।**
- **Nepal Public Procurement Strategic Framework (NPPSF) 2013-2016 (Phase II)जारी**
- **e-GP Full-fledged विकासका लागि कार्य शुरु गरेको। (2014)**

**२०१६-२०१९**

- **विद्युतीय खरिद प्रणाली सञ्चालन मार्ग निर्देशिका, २०७३ जारी:**
  - सार्वजनिक निकाय वा बोलपत्रदाता वा प्रस्तावदाता वा आपूर्तिकर्ताले यस **प्रणालीको मात्र प्रयोग गरी** खरिद कारवाहीमा माग लिने सक्ने। (दफा ३४)
- **e-GP full fledged कार्यान्वयनमा ल्याइएको। ( 2017 Jan)**
- ***सार्वजनिक खरिद पहिलो संशोधन ऐन, २०७३ जारी:***
  - सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रक्रियामा **विद्युतीय कार्यविधि प्रणाली मात्र अपनाउन सक्ने।** (दफा ६९)
- **कर्मचारी तथा बोलपत्रदाताको क्षमता अभिवृद्धिका लागि तालिमहरु सञ्चालन।**
- **eGP प्रणालीमा आबद्धताका लागि वाणिज्य बैंकहरुसँग MoU (2016)**
- **सार्वजनिक निकायहरुले eGP प्रणालीबाट मात्र पनि खरिद गर्ने गरी कार्य शुरु गरेको।**
- ***विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४ जारी:***
  - २ करोड भन्दा बढीको निर्माण कार्य, ६० लाख भन्दा बढीको मालसामान र २० लाख भन्दा बढीको परामर्श सेवा खरिदमा विद्युतीय खरिद प्रणालीको मात्र प्रयोग गर्नुपर्ने व्यवस्था (दफा ३५)

# विद्युतीय खरिद प्रणालीको यात्रा...

२०२० - हालसम्म

- **eGP प्रणालीको सञ्चालन, मर्मत तथा स्तरोन्नती गर्न परामर्शदातासँग सम्झौता।**
- ***विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०८० जारी:***
  - खुल्ला रुपमा बोलपत्र खरिद गर्दा विद्युतीय खरिद प्रणाली मार्फत मात्र गर्नु पर्ने व्यवस्था गरेको। (दफा ५(१))
  - सिलबन्दी दरभाउपत्र, सोझै खरिद लगायतका अन्य खरिद विधिमा समेत विद्युतीय खरिद प्रणालीको प्रयोग गर्न सक्ने व्यवस्था। (दफा ५(२))
  - खुल्ला रुपमा बोलपत्र आह्वान गरी विद्युतीय खरिद प्रणाली मार्फत खरिद कार्य गर्दा **विद्युतीय खरिद प्रणालीमा गरिने काम कारवाहीका चरणहरु** समेत उल्लेख गरेको। (दफा ६)

# विद्युतीय खरिद (e-Procurement)

वेवमा आधारित विद्युतीय प्रणाली मार्फत गरिने खरिद कार्य ।




# विद्युतीय खरिद प्रणाली (e-GP System)

सार्वजनिक निकाय तथा सरकारी कोष प्रयोग गरी खरिद गर्ने संस्थाका लागि

PPMO ले स्थापना, सञ्चालन तथा व्यवस्थापन गरेको

**एकल विद्युतीय खरिद प्रणाली (www.bolpatra.gov.np)**

# Functional Coverage of National e-GP System



# Stakeholders of National e-GP System




# User's Category

| User | User Types | User's Role |
|---|---|---|
| **PPMO** | Super User | Management of e-GP System |
| **Public Entity** | ➢ Admin<br>➢ Creator<br>➢ Reviewer<br>➢ Approver<br>➢ Accountant | ➢ Procurement Preparation<br>➢ Bid Opening and Evaluation<br>➢ Contract Management<br>➢ View Report |
| **Bank** | ➢ Admin<br>➢ Branch Maker<br>➢ Branch Checker<br>➢ Central User | Bank Instrument Verification |
| **Bidder** | ➢ Officer<br>➢ Staff | Participating in Bidding |
| **Oversight Agency** | Report | Monitoring the procurement process |

# Overview of Registration

>> PPMO register Public Entity and its admin
>> PE Admin registers procurement related users



# Functional Modules

| Module | Functionality Coverage |
|---|---|
| PE Registration | PPMO (Super User), Ministries, Departments, Regional Offices, Division Offices |
| PE User Registration | Admin, Creator, Reviewer, Approver, Accountant |
| Master Procurement plan-MPP Creation | Approve by Secretary of Ministry |
| Annual Procurement plan-APP Creation | Estimate Creation, Revision, Lock/ Unlock |
| Bid Document Preparation | Works NCB/ICB, Goods NCB/ICB, Consultancy (EOI/RFP), PQ- WORKS ICB, SQ. |
| Bid Addendum | Similar process of approval cycle as bid document preparation |
| Bidder Registration | Organization Detail, Personal Details, Document Details |
| Bidder Profile Management | Personnel (Staffs and Officers), Financial Details (Balance Sheet, Annual Turnover, Income Statement), Contract Details (Bolpatra/ Non-Bolpatra), Litigations, Documents, etc. |

# Functional Modules

| Module | Functionality Coverage |
|---|---|
| *Bid Response Submission* | JV, Letter of Bid, Technical Details, Financial Situation, BoQ, Price Adjustment, Fees and Security, etc. |
| *Bid Opening* | System Generated Bid Opening Records (Muchulka) |
| *Bid Evaluation* | Legality Test, Completeness Test, Technical Test, Commercial Test, Evaluated Price, Qualification Test, Special Test |
| *Contract Awarding* | LoI, LoA, Contract/ Agreement Document |
| *Complaint Management* | After Bid Evaluation & before LOA |
| *Contract Management* | Assign Project Coordinator, Update Work Schedule, Update Physical Progress, Forward to PE chief, VO, Price Adjustment |
| *Payment Management* | Bill Claim by Contractor |
| *Dispute Management* | Capture Final Value of Dispute |
| Banking Interface | Bank Registration, Branch Registration, Maker/ Checker Registration, Verifying Bid Document Fee, Bid Security, Performance Security, Advance Payment Security |
| Security Features | User Credential, SSL, Data Encryption, OTP for bid submission |

# *Benefits of National e-GP system*

- No physical presence
- Increased competition
- Minimum transaction costs
- Minimum paperwork
- Fair evaluation
- Notification through e-mail
- Allows remote submission of bids
- Elimination of Cartelling
- Everyone sees everything etc.

# Features of e-GP System

- **Procurement Category**
  - Works
  - Goods
  - Consulting
  - Others

- **Procurement Method**
  - NCB
  - ICB
  - Sealed Quotation

- **Bidding Type**
  - Single Stage Single Envelope
  - Single Stage Double Envelope

- **Document Type**
  - Online
  - Uploadable

# Features…

- **Public Entity Management**
  - Maintain PE Hierarchy
  - User Management
  - Role Management
  - Access Control
  - Task Delegation

- **Bidder Registration**
  - Register New Bidder
  - Block Bidder

- **Bank**
  - Register Bank and Branches
  - Bank User management

# Features: Procurement Preparation

- Annual Procurement Planning
- Document draft , review and approval system
- Online Bid Document Generation
- Copy bid functionalities
- Online tender publish
- Uploadable module
- Online BoQ / SOR
- Addendum Publication
- Bid Query

# Features: Email Notification System

- JV confirmation
- OTP confirmation
- Opening Muchulka
- LoI
- LoA
- Contract Award

# Features: Procurement Execution

- Banking instrument verification
- Opening and evaluation
- Online Evaluation report generation
- Complain lodge
- Contract Awarding
- Contract Management

# Features: Report Generation

- APP/MPP report
- Bid Document
- Evaluation Report
- Muchulka
- Comparative Chart
- Contract Document

# National e-GP Modules

**Interactive Modules**

- Public Entity's Module
- Bidder's Module
- Banker's Module

**PPMIS User's Modules**

- Public Entity's Module
- Oversight Module

# विद्युतीय खरिद सम्बन्धी कानूनी व्यवस्था

# विद्युतीय खरिद प्रणालीसँग सम्बन्धित विद्यमान कानून

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८०

# सार्वजनिक खरिद ऐन, २०६३

०६९. <u>विद्युतीय सञ्चारको माध्यमबाट खरिद कारोबार हुन सक्ने</u> : (१) सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रक्रियामा विद्युतीय कार्यविधि प्रणाली मात्र अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्युतीय प्रणलीबाट हुने खरिदको कार्यविधि, प्रणाली र यसका अन्तरनिहित सिद्धान्त खरिद अनुगमन कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) विद्युतीय खरिद सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

⊛१४६. <u>विद्युतीय संचार माध्यमको प्रयोगः</u> (१) सार्वजनिक खरिद अनुगमन कार्यालयले ऐनको दफा ६९ को प्रयोजनको लागि एउटा मात्र पोर्टल रहने गरी विद्युतीय खरिद प्रणालीको स्थापना, सञ्चालन र व्यवस्थापन गर्नेछ।

---

¥ सातौं संशोधनद्वारा खारेज।



www.lawcommission.gov.np

¥(२) ....................

(३) सार्वजनिक निकायले खरिद कार्य गर्दा उपनियम (१) बमोजिम स्थापना भएको विद्युतीय खरिद प्रणालीको पोर्टलमा दर्ता भई खरिद कारबाही सञ्चालन गर्नु पर्नेछ।

(४) सार्वजनिक खरिद अनुगमन कार्यालयले विद्युतीय खरिद प्रणालीबाट हुने खरिदको कार्यविधि, प्रणाली र यसका अन्तरनिहित सिद्धान्त समय समयमा जारी गर्नेछ।

# सार्वजनिक खरिद ऐन, २०६३

## ➢ कस-कसले खरिद गर्दा यस ऐनको पालना गर्नु पर्छ?

३. <u>यस ऐन बमोजिम खरिद गर्नु पर्ने</u> : (१) सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्नेछ ।

*(१क) प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाको सरकारी कोष प्रयोग गरी खरिद गर्दा सो हदसम्म यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्नेछ ।

(२) σ <u>उपदफा (१) र (१क)</u> को प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ ।

# विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८०

खण्ड ७३) संख्या १६ नेपाल राजपत्र भाग ५ मिति २०८०।०३।२१

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना १

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४क. बमोजिम नेपाल सरकारबाट स्वीकृति लिई सार्वजनिक खरिद अनुगमन कार्यालयले देहायको विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० बनाएकोले नेपाल सरकारको निर्णय बमोजिम यो सूचना प्रकाशन गरिएको छ:-

## विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८०

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४क. बमोजिम नेपाल सरकारबाट स्वीकृति लिई सार्वजनिक खरिद अनुगमन कार्यालयले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका संवत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

# विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८०...

५. **<u>विद्युतीय खरिद प्रणालीको प्रयोग गर्नु पर्ने:</u>** (१) सार्वजनिक निकाय तथा ऐनको दफा ३ को उपदफा (१क) बमोजिम सरकारी कोषको प्रयोग गरी खरिद गर्ने संस्थाले खुल्ला रूपमा बोलपत्र वा पूर्वयोग्यता वा प्रस्ताव आह्वान गरी निर्माण कार्य वा मालसामान वा परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा विद्युतीय खरिद प्रणाली मार्फत मात्र गर्नु पर्नेछ।

(२) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायले सिलबन्दी दरभाउ पत्र, सोझै खरिद लगायतका अन्य खरिद विधिमा समेत विद्युतीय खरिद प्रणालीको प्रयोग गर्न सक्नेछ।

# विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८०...

६. **<u>खरिद सम्बन्धी काम कारबाही:</u>** (१) सार्वजनिक निकाय तथा ऐनको दफा ३ को उपदफा (१क) बमोजिम सरकारी कोषको प्रयोग गरी खरिद गर्ने संस्थाले खुल्लारूपमा बोलपत्र आह्वान गरी खरिद गर्दा देहाय बमोजिमका काम कारबाही विद्युतीय खरिद प्रणाली मार्फत गर्नु पर्नेछ:-

# विद्युतीय खरिद प्रणाली मार्फत गर्नु पर्ने खरिदका चरणहरू

(क) खरिद महाशाखा वा शाखा वा इकाईको गठन तथा अद्यावधिक,

(ख) खरिद योजनाको तयारी, स्वीकृति, परिमार्जन र प्रकाशन,

(ग) खरिद कार्यको बोलपत्र वा प्रस्ताव कागजात तयारी, स्वीकृति र प्रकाशन,

(घ) बोलपत्र वा प्रस्ताव कागजातमा आवश्यक संशोधन र प्रकाशन,

(ङ) बोलपत्र वा पूर्वयोग्यता वा प्रस्ताव सम्बन्धी कागजातमा द्विविधा भई जानकारी माग भएमा सो को जानकारी,

(च) बोलपत्र पेश गर्नु पूर्वको बैठक आयोजना गरेको अवस्थामा सो बैठकको माइन्युट प्रकाशन,

(छ) बोलपत्र वा प्रस्ताव खोल्दा खरिद प्रक्रियामा सहभागी बोलपत्रदातालाई जानकारी,

# विद्युतीय खरिद प्रणाली मार्फत गर्नु पर्ने खरिदका चरणहरू...

(ज) बोलपत्र वा प्रस्ताव मूल्याङ्कन,

(झ) खरिदको आशयको सूचना र स्वीकृतिको पत्र जारी,

(ञ) खरिद निर्णयको पुनरावलोकन सम्बन्धी कार्य,

(ट) खरिदको सम्झौता र करार यवस्थापन सम्बन्धी कार्य,

(ठ) खरिद कार्यको विद्युतीय भुक्तानी,

(ड) सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली व्यवस्थापन,

(ढ) ऐन, नियमावली, प्रचलित खरिद कानून र सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्दिष्ट गरेका सार्वजनिक खरिद सम्बन्धी अन्य कार्य ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
(सूचना प्रविधि शाखा)
ताहाचल, काठमाडौं, नेपाल
फोन नं. ४०३०५४६, ४०३०५७८
फ्याक्स: ४०३०६४२

प.सं. ०८०/८१
च.नं.

मिति: २०८०/०४/०१

## विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० को दफा ६ को उपदफा ४ सम्बन्धी सूचना

विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० यही मिति २०८० साल साउन १ गतेबाट कार्यान्वयनमा जाने व्यहोरा विदितै छ । उक्त निर्देशिकाको दफा ६ (१) मा उल्लिखित सार्वजनिक निकाय तथा सरकारी कोषको प्रयोग गरी खरिद गर्ने संस्थाले खुल्लारूपमा बोलपत्र आह्वान गरी खरिद गर्दा विद्युतीय खरिद प्रणाली मार्फत गर्नु पर्ने खरिदका चरणहरूमध्ये देहायका चरणहरू विद्युतीय खरिद प्रणाली मार्फत गर्नुहुन विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० को दफा ६ को उपदफा ४ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) खरिद महाशाखा वा शाखा इकाईको गठन तथा अद्यावधिक,
(ख) खरिद योजनाको तयारी, स्वीकृति, परिमार्जन र प्रकाशन,
(ग) खरिद कार्यको बोलपत्र वा प्रस्ताव कागजात तयारी, स्वीकृति र प्रकाशन,
(घ) बोलपत्र वा प्रस्ताव कागजातमा आवश्यक संशोधन र प्रकाशन,
(छ) बोलपत्र वा प्रस्ताव खोल्दा खरिद प्रक्रियामा सहभागी बोलपत्रदातालाई जानकारी,
(ज) बोलपत्र वा प्रस्ताव मूल्याङ्कन,
(झ) खरिदको आशयको सूचना र स्वीकृतिको पत्र जारी,
(ट) खरिदको सम्झौता सम्बन्धी कार्य,
(ड) सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली व्यवस्थापन,
(ढ) ऐन, नियमावली, प्रचलित खरिद कानून र सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्दिष्ट गरेका सार्वजनिक खरिद सम्बन्धी अन्य कार्य ।

साथै निर्देशिकाको दफा ६(१) मा उल्लिखित खरिदका बाँकी चरणहरु क्रमश: लागू गर्दै जाने व्यहोरा समेत सम्बन्धित सबैमा अनुरोध छ।

सार्वजनिक खरिद अनुगमन कार्यालय
ताहाचल, काठमाण्डौं

# विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८०

## विद्युतीय बोलपत्र खोल्ने प्रक्रिया:

- बोलपत्र वा प्रस्ताव **कागजात तयार गर्दा** बोलपत्र वा प्रस्ताव खोल्ने **समितिलाई प्रणालीमा आवद्ध गर्नु पर्ने**। (दफा ३०)

- बोलपत्र वा प्रस्ताव खोल्ने पूर्वनिर्धारित समय पश्चात मात्र बोलपत्र वा प्रस्ताव खोल्ने **समितिका संयोजक वा सदस्यहरु मध्ये कुनै दुइ जना**ले एकै समयमा एकै स्थानबाट विद्युतीय खरिद प्रणालीमा लगिन गरी अनलाइन माध्यमबाट पेश गरेका बोलपत्र खोल्नु तथा डाउनलोड गर्नु पर्ने। (दफा ३१)

- बोलपत्र खोल्दा एक प्रणालीको हकमा आर्थिक र प्राविधिक कागजात दुवै समावेश भएको बोलपत्र तथा दुइ खाम प्रणालीको हकमा प्राविधिक र आर्थिक प्रस्ताव छुट्टा छुट्टै खोल्नु पर्ने

- दुइ खाम प्रणालीको हकमा प्राविधिक प्रस्ताव मूल्याङ्कनमा सारभूत रुपमा प्रभावग्राही वा सफल बोलपत्रदाताको मात्र आर्थिक प्रस्ताव खोल्नु पर्नेछ।

# विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८०

## विद्युतीय बोलपत्र खोल्ने प्रक्रियाः...

- दुइ खाम प्रणालीमा प्राविधिक मूल्याङ्कन सम्पन्न भएसकेपश्चात आर्थिक प्रस्ताव खोल्नको लागि सार्वजनिक निकायको प्रमुखले राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा ७ दिन र अन्तर्राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा १५ दिनको समय विद्युतीय खरिद प्रणालीमा तोक्नु पर्ने।

- आर्थिक प्रस्ताव खोल्ने जानकारी इमेल वा मोवाइल एप मार्फत सम्बन्धित बोलपत्रदाता वा प्रस्तावदातालाइ दिनु पर्नेछ। पूर्व निर्धारित समय पश्चात बोलपत्र खोल्ने समितिका संयोजक वा सदस्यहरुमध्ये कुनै दुइ जनाले आ-आफ्नो युजरनेमबाट लगिन गरी आर्थिक प्रस्ताव खोल्नु पर्नेछ।

तर ऐनको दफा ४७ वा ४९ बमोजिम खरिद वा निर्णयको पुनरावलोकन सम्बन्धी **निवेदन वा उजुरी प्राप्त भएमा सो सम्बन्धमा निर्णय नभएसम्म आर्थिक प्रस्ताव खोल्ने मिति र समय सार्वजनिक निकायको प्रमुखले प्रणालीमा थप गर्नु पर्नेछ।**

# विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८०

## विद्युतीय बोलपत्र खोल्ने प्रक्रियाः...

- म्यादभित्र पेश गरेका बोलपत्रहरुको विवरण राखी बोलपत्र खोल्ने समितिका संयोजक वा सदस्यहरुले विद्युतीय खरिद प्रणालीबाट बोलपत्र मुचुल्का डाउनलोड गरी उपस्थित संयोजक वा सदस्य र प्रतिनिधिहरुको हस्ताक्षर गराउनु पर्ने।

- हस्ताक्षर गरिएको मुचुल्कालाई बोलपत्र खोल्ने समितिका संयोजक वा सदस्यहरुले पुनः विद्युतीय खरिद प्रणालीमा पिडिएफमा अपलोड गर्नु पर्ने।

# विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८०

## विद्युतीय बोलपत्र मूल्याङ्कन प्रक्रिया:

- मूल्याङ्कन समितिको **अध्यक्ष सहित कम्तीमा तीन जना प्रणाली प्रयोगकर्ता रहने गरी मूल्याङ्कन समितिलाई प्रणालीमा आबद्ध गराउनु पर्ने।** (दफा ३२)

- बोलपत्र वा प्रस्तावको अनलाइन मूल्याङ्कन प्रक्रिया गर्दा **मूल्याङ्कन समितिको अध्यक्षको ड्यासबोर्डबाट अनलाइन बोलपत्र मूल्याङ्कन प्रारम्भ गर्नु पर्ने।** यस कार्यका लागि मूल्याङ्कन समितिको **अध्यक्ष र दुई जना सदस्यहरुले** एकैसाथ विद्युतीय खरिद प्रणालीमा लगइन गर्नु पर्ने। (दफा ३३)

  तर परामर्श सेवाको प्राविधिक मूल्याङ्कनको हकमा मूल्यांकन समितिका सदस्यहरुले व्यक्तिगत रुपमा विद्युतीय खरिद प्रणाली मार्फत मूल्याङ्कन गरी प्राप्ताङ्क अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ।

- मूल्याङ्कन समितिले बोलपत्र वा प्रस्ताव सम्बन्धी कागजातमा तोकिएका मूल्याङ्कनका पक्षहरु र तिनका आधारहरु अनुसार प्रत्येक बोलपत्रदाताहरुको बोलपत्रको परीक्षण र मूल्याङ्कन गर्नु पर्ने।

# विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८०

## विद्युतीय बोलपत्र मूल्याङ्कन प्रक्रियाः...

- सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरुको छनौटपछि मूल्याङ्कन समितिका पदाधिकारीले विद्युतीय खरिद प्रणालीमा मूल्याङ्कन प्रतिवेदन समावेश गरी सार्वजनिक निकायको प्रमुखलाई पेश गर्नु पर्ने।

- सार्वजनिक निकायको प्रमुखले विद्युतीय खरिद प्रणालीबाट प्राप्त मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्ने, पुनः मूल्याङ्कनको लागि मूल्याङ्कन समितिमा पठाउने वा ऐनको दफा २६ बमोजिम खरिद प्रकिया रद्द गर्नु पर्ने भएमा रद्द गर्ने निर्णय गर्नु पर्ने।

- मालसामान, निर्माण कार्य वा परामर्श सेवा खरिदमा हुने दुई खामबन्दी प्रस्तावको प्राविधिक मूल्याङ्कन र आर्थिक मूल्याङ्कन विद्युतीय खरिद प्रणालीमा भएको व्यवस्था बमोजिम छुट्टा छुट्टै गर्नु पर्ने।

- प्राविधिक मूल्याङ्कनमा उत्तीर्ण भएका बोलपत्रतादाको मात्र आर्थिक बोलपत्र वा प्रस्ताव पूर्वनिर्धारित समयमा खोली सोको विद्युतीय खरिद प्रणालीमा मूल्याङ्कन गर्नु पर्नेछ।

# Public Procurement Management Information System (PPMIS)

**Key Performance Indicator based Reporting Types**



# Static Report


Search Reports

Report Name : [ ] Search Reset

Report Search Results

- Master Plan
  - Summary of Master Procurement Plan
- Annual Plan
- Procurement Activities
- Exception Monitoring
- Pre-Budget Level Estimation
- Bid Opening and Evaluation Reports
- Complaints
- Cost Comparison
- Award Analysis
- Contract Management

# Dynamic Report



# केही तथ्याङ्कहरु

# Statistics

(As of 26th Mangsir 2081)

| Title | Count |
|---|---|
| Active Public Entities | 5012 |
| Active Bidders | 44487 |
| Running Bids | 4111 |
| Closed Bids | 150408 |

# Statistics…


*(As of 26th Mangsir 2081)*

| Category | No of Bids |
|---|---|
| Goods | 39399 |
| Works | 112805 |
| Consultancy | 92 |
| Other Services | 0 |
| Works Pre qualification | 16 |
| Consulting Service EOI | 2221 |

# Statistics…

| Procurement Method Name | Procurement Category Name | F.Y. 079-80 | F.Y. 080-81 |
|---|---|---|---|
| QCBS | Consultancy (EOI + RFP) | 345 | *277* |
| NCB | Goods | 4334 | 5021 |
| ICB | Goods | 191 | 162 |
| Sealed Quotation | Goods | 2034 | 2391 |
| | ***Goods Total*** | ***6559*** | ***7574*** |
| NCB | Works | 14256 | 15182 |
| ICB | Works | 25 | 25 |
| Sealed Quotation | Works | 3656 | 3333 |
| | ***Works Total*** | ***17937*** | ***18540*** |
| | ***Total Bids Published*** | ***24856*** | ***26391*** |
| | ***Total Bids Submission*** | ***115724*** | **146334** |

# Single e-bidding Portal: www.bolpatra.gov.np



# Official Website (www.ppmo.gov.np)

https://ppmo.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
केसरमहल काठमाडौं, नेपाल

**महत्त्वपूर्ण सूचना** | विद्युतीय खरिद प्रणालीमा बोलपत्रको म्याद सम्बन्धी सूचना (२०८१-०७-११)

वि.सं: **२०८१ कार्तिक २० गते मंगलबार, २१:२१ बजे**
नेपाल संवत: **११४५ कछलाथ्व चतुर्थी - ४**

हाम्रोबारे | स्रोतहरु | सूचना | एसबीडी | डाउनलोडहरू | e-GP सहायताकेन्द्र | » | खोज्नुहोस्... | NEP

**सूचना** | विद्युतीय खरिद प्रणालीमा बोलपत्रको म्याद सम्बन्धी सूचना (२०८१-०७-११)



# केही सुझावहरु

- **e-GP प्रणालीमा कुनै पनि button/action मा click गर्नु अघि निश्चित हुने गरौं।**
- **e-GP प्रणालीमा जानी-नजानी वा भूलवस वा कुनै पनि प्रकारले प्रकृयागत त्रुटीहरु नगरौं।**
- **e-GP प्रणालीमा बोलपत्र खोल्ने लगायतका मिति तय गर्ने जिम्मेवारी सार्वजनिक निकायको भएको हुँदा मिति तय गर्दा सार्वजनिक विदा परे नपरेको एकीन गरी नियमानुसार तोकौं।**
- **Bid Notice पत्रिकामा पठाउनु पुर्व eGP System बाट Approve गरौं।**
- **प्रणालीमा आ-आफ्नो भूमिका अनुसारको जिम्मेवारी स्वयंले गर्ने गरौं।**
- **www.bolpatra.gov.np मा परीक्षण प्रयोजनको लागि कुनै पनि विवरण प्रविष्ट नगरौं।**
- **प्रणालीमा कार्य गर्नु भन्दा अगाडि यस कार्यालयको वेवसाइटमा भएका सूचनाहरु हेर्ने बानी बसालौं।**

# थप जिज्ञासा भए?

# धन्यवाद!

